


# नेपालकालागि नेपाली दलमा किन आबद्ध हुने ?

## १. नयाँ दलको आवश्यकता

नेपालको शाशन सत्तामा पुगेका प्रायः सबै दलहरु या त बिदेशी भुमिमा खोलिएका छन या त बिदेशी सिद्धान्त र आदर्शबाट संचालित छन वा बेदिशी शक्तिको आशा, भरोशा, निर्देशन र आर्शिबादबाट संचालित छन । मुलुक र नागरिकप्रति जिम्मेवार र उत्तरदायी हुनु भन्दा बिदेशी बाद, सिद्धान्त र बिदेशी शक्ति केन्द्रको ईशारामा संचालित भएकाले बिदेशीप्रति नै जिम्मेवार र उत्तरदायी छन । त्यसैले नेपाली माटो, सभ्यता र बिरगाथालाई आत्मसात गरी नेपाल निर्माणको आधारशिलामा उभिएको राजनैतिक दलको नेपालमा आवश्यकता भएको हुँदा यहि आवश्यकता पूर्ति गर्न नेपालकालागि नेपालीलाई ३ बर्षको अभियान संचालनको अनुभब पश्चात राजनैतिक दलमा (पार्टी) रुपान्तरण गरिएको छ । यसलाई छोटकरीमा नेपालकालागि नेपाली भनि सम्बोधन गरिएको छ ।

नेपालकालागि नेपाली पेशेवार रुपमा राजनीति गर्ने नभई मुलुकका समस्याहरुलाई सम्बोधन गरी नेपाल र आम नेपालीलाई समृद्ध बनाउने प्रतिज्ञा र प्रतिबद्धताका साथ बिभिन्न पेशामा संलग्न क्षेत्रगत विज्ञ समुहहरुले (आविष्कारक, बैज्ञानिक, अर्थविद, योजनाविद, प्राध्यपक, डाक्टर, ईजिनियर, पत्रकार, वकिल, व्यवस्थापनविद, प्रशाशक, किसान, उद्योगी, व्यापारी, कलाकार, शिक्षक, बिधार्थी आदि) नेतृत्व गरेको व्यवस्थापकीय क्षमता भएका एंब बिश्वासिला देशप्रेमी, प्रगतिशील र लोकतान्त्रिक व्यक्तिहरु एकजुट भएर गठन गरेको पार्टी हो ।

राजनीतिलाई पेशा बनाएर राजनीतिबाटै कमाउ धन्दा गर्ने, राजनीतिलाई भ्रष्टाचारको पर्यायबाची बनाएका र राजनीतिलाई अपराध संरक्षण गर्ने साधन बनाएका व्यक्ति र तिनको जमात वा पार्टी बाट मुलुकको राष्ट्रियता कमजोर भएको, राजनीति व्यापार भएको, भ्रष्टचारले मुलुकलाई आक्रान्त

बनाएको, न्याय मरेको र समाजमा पिछडिएका समुदायलाई शिक्षा, स्वास्थ्य, रोजगारी र मर्यादित जीबनबाट बन्चित गरी बिभेद कायमै गरेका हुँदा शाशन सत्तामा पुगेका र राज्यको बागडोर समालेका दल र नेताहरु पूर्ण रुपमा असफल भएको हुँदा हामि बिभिन्न पेशा र ब्यबशायमा संलग्न व्यक्तिहरु मुलुकका यी लगायतका यावत समस्याहरु समाधान गरी मुलुक बचाउने र समृद्ध बनाउने जिम्मेवारी बहन गर्ने अठोठका साथ दल गठन गर्न बाध्य भई पृथ्वीपथमा (नेपालबाद) आधारित भई नेपालको माटो बाटै नेपालको मौलिक आवश्यक्त अनुरुपको पार्टी नेपालकालागि नेपाली गठन गरेका छौं ।

नेपालकालागि नेपाली बिकल्प होइन बरु नेपाली मौलिकताको राजनैतिक मूलधार हो ।

- अब मुलुकको राजनीतिलाई मार्ग निर्देश गर्ने र राज्यको बागडोर सम्हाली शुसासन प्रत्याभूति गर्ने काम नेपालकालागि नेपालीले गर्ने छ । नेपालकालागि नेपालीले असफल भएको आजको राजनीतिलाई रुपान्तरण गरी सफल बनाउने छ । राजनीतिलाई पेशा र ब्यबशाय बन्न नदिने र राजनीतिलाई शुद्धिकरण गरी राजनीतिप्रति युवाहरुमा आशा जगाई राजनीतिलाई मुलुक र नागरिकको समृधिको संयन्त्र बनाउने छ,
- नेपालकालागि नेपालीले नेपालको भूमि र सार्बभौमिकताको संरक्षण गर्ने छ,
- नेपालकालागि नेपालीले प्रधानमन्त्री प्रधान न्यायाधिश र सभामुख जस्ता राज्यका तीन प्रमुख अंगका प्रमुखहरुलाई कानूनको शाशन प्रति उत्तरदायी बनाउन नागरिकको स्वतन्त्र आयोग (People's Independent Commission) को व्यवस्था गरी उत्तरदायी बनाउने छ र नागरिक आयोग मार्फत भ्रष्टचारको व्यापक छानबिन गरी भ्रष्टचारीलाई दण्डित गर्ने छ,
- नेपालकालागि नेपालीले न्यायपालिकामा आमुल सुधार गरी न्याय मार्ने सम्पूर्ण कार्य बन्द गरी न्यायको प्रत्याभूति गर्ने छ,
- नेपालकालागि नेपालीले समाजमा भएका सबै खाले विभेद, अन्याय, अत्याचार र शोषण अन्त्य गरी सामाजिक न्याय शुनिश्चित गर्ने छ,
- नेपालकालागि नेपालीले शिक्षा र स्वास्थ्यलाई निशुल्क, सर्वसुलभ र गुणस्तरीय बनाउने छ, र
- नेपालकालागि नेपालीले बैंकको चर्को एंब नागरिकमारा ब्याजदर घटाई २ देखि ५ प्रतिशतमा झारी युबाहरुकालागि लगानी र रोजगारीको अवसर सिर्जना गर्नेछ ।

माथि उल्लेखित कार्य तत्कालै नगर्ने हो भने वर्तमान राजनीतिले मुलुक र आम नागरिकलाई संकटमा धकेल्ने भएको हुँदा मुलुक र नागरिक बिरोधि कार्य रोक्नु पर्ने जिम्मेवारी बोध गरी अठोठ र प्रतिज्ञाका साथ नेपालकालागि नेपाली गठन भएको छ ।

आज सम्म सत्तामा पुगेका र मुलुकको बागडोर समाल्ने मौका पाएका सबै दल र नेताहरु असफल भएको हुँदा अबको राजनैतिक मुलधारको रुपमा नेपालकालागि नेपालीलाई स्थापित गर्न सबै देशभक्त, लोकतान्त्रिक र प्रगतिशील व्यक्ति एंब शक्तिहरुलाई नेपालकालागि नेपालीमा आबद्ध हुन हार्दिक रुपमा अवाह्वन गर्दछौं ।

## २. <u>हाम्रा प्रतिबद्धताहरु</u>

हामी निम्न लिखित प्रतिबद्धता गर्दछौं :

- पंचायतकाल देखि आज सम्म सत्तामा बसेका राजनीतिज्ञ र उच्च तहका कर्मचारीहरुको सम्पतिको छानबिन गरी दोषीलाई कानून बमोजिम कडा सजाय गरी घुष खाएर, भ्रष्टचार गरेर, वा राज्य संयत्रको दुरुपयोग गरेर कमाएको सम्पति जफत गरी गरिबी निवारण, युबाहरुको रोजगारी एंब शिक्षा र स्वास्थ्यमा लगाउन एक शक्तिशाली र निष्पक्ष नागरिक आयोग स्थापना गर्ने ।
- प्रधानमन्त्री, प्रधान न्यायाधिश र सभामुख जस्ता राज्यका तीन प्रमुख अंगका प्रमुखहरुलाई कानूनको शाशन प्रति उत्तरदायी बनाउन नागरिकको स्वतन्त्र आयोग (People's Independent Commission) को व्यवस्था गरी उत्तरदायी बनाउने । यस किसिमको अधिकार राष्ट्रिय सभालाई प्रदान गरी राष्ट्रिय सभालाई अधिकार सम्पन्न बनाइने छ ।
- निर्बाचन प्रणालीमा निम्न बमोजिम सुधार गरी लोकतन्त्रलाई (नागरिकतन्त्र) मजबुत बनाउने:
    - प्रत्यक्ष निर्बाचित प्रधानमन्त्रीको व्यवस्था कायम गर्ने ।
    - सांसद मन्त्री बन्न नपाउने व्यवस्था कायम गर्ने ।
    - बिदेशमा बस्ने नेपाली नागरिक समेतले मतदान गर्न पाउने व्यवस्था कायम गर्ने ।
    - निर्बाचन प्रचार प्रसारमा आमुल परिबर्तन गरी पैसा, गुण्डा, छलकपट, र मतदाता किनेर निर्बाचन जित्ने प्रणालीको अन्त्य गर्ने ।
    - सानो, छरितो र मितब्ययी अर्थात् प्रधानमन्त्रि सहित ११ जनाको मन्त्रीमंडल बनाउने ।
    - सांसद संख्या ११५ सम्म मात्रै कायम गर्ने ।

- स्थानीय तहको निर्बाचन दलिय आधारमा नभएर व्यक्तित्वका आधारमा गर्ने ।
- मुलुकमा आम निर्बाचन घोषणा भएको अवस्थामा गृह प्रशाशन लगायतका निर्बाचनमा असर पार्न सक्ने एंब सरोकार राख्ने सबै मन्त्रालय र निकायले निर्बाचन आयोगको निर्देशन पालना गरी कार्य गर्ने ब्यबस्था कायम गर्ने ।
- श्री सर्बोच्च अदालत समेतले निर्णय गरी सकेको अवस्थामा निर्बाचनमा मत दिन्न भन्ने व्यवस्था राखिनु पर्ने ।

➢ नेपाललाई ॐकार परिवार (वैदिक, वौद्ध, किराँत, शिख, जैन) सहितको नेपालमा बसोबास गर्ने सबै धार्मिक समुदायको सहअस्तित्व रहने गरी सनातन धर्म सापेक्ष हिन्दु राष्ट्र बनाउने ।

➢ धार्मिक, सांस्कृतिक र वाताबरणिय पर्यटनको बिकाश गरि रोजगारी सिर्जना गर्ने ।

➢ संघियताको बिकल्प खोजि मुलुकलाई स्थानीय र केन्द्रिय गरी दुई तहको सरकारका संरचनामा लैजाने र स्थानीय सरकारलाई शक्तिशाली बनाउने ।

➢ राष्ट्रिय एकताको प्रतीकको रुपमा संबिधान र संसदको अधिनमा रहने लोकतन्त्र सहितको आधुनिक राजसंस्था स्थापना गर्ने ।

➢ शिक्षा र स्वास्थ्यलाई निशुल्क, गुणस्तरीय र सर्बसुलभ बनाई मानब श्रम र साधनको बिकाश मार्फत मुलुकलाई समृद्ध बनाउने ।

➢ सस्तो ब्याजदरमा सहज रुपमा युबाहरुलाई ऋण उपलब्ध गराई, तालिम दिई, समुदाय स्तरमा कम्पनि समेत खोल्न मद्धत गरी लगानी र रोजगारीको वातारण सिर्जना गर्ने ।

➢ राज्य र राज्यका निकायमा भएको दलियकरण र सबै किसिमका भेदभाब अन्त्य गर्न क्षमता, दक्षता, निष्पक्षता र योग्यताका आधारमा पुर्ननियुक्ति गर्ने ।

निम्न समस्याहरु सम्बोधन गर्नु हाम्रो जिम्मेवारी हो :

✓ भ्रष्टाचारको अन्त्य,
✓ राष्ट्रियताको जर्गेना,
✓ राजनैतिक शुद्धिकरण,
✓ न्यायपालिकाको सुधार, र
✓ सामाजिक न्याय ।

निम्न उद्धेश्य प्राप्त गर्नु हाम्रो दायित्व होः

- ✓ शुशासन कायम गर्ने,
- ✓ नागरिकहरुको गुणस्तरीय जिबन कायम गर्ने, र
- ✓ अर्न्तराष्ट्रिय स्तरमा नेपालको छबि उच्च कायम गर्ने ।

उक्त समस्याहरु सम्बोधन गर्नु र उक्त उद्देश्य प्राप्त गर्नु भनेकै बिकाश र सम्बृधि हो ।

तसर्थ निम्न सैद्धान्तिक र राजनैतिक धरातलबाट हामी उक्त समस्या समाधान गरी उल्लेखित उद्देश्य प्राप्त गर्नेछौं :

- ✓ पृथ्वीपथ (नेपालबाद),
- ✓ नागरिकतन्त्र (लोकतन्त्र),
- ✓ कानूनको शासन,
- ✓ संबैधानिक सर्बोच्चता,
- ✓ मौलिक मानब अधिकार,
- ✓ सामाजिक सुरक्षा, र
- ✓ नागरिकमुखी बजार ।

छरपस्ट भएर, अलोचन मात्रै गरेर र फेसबुकमा लेखेर वा कोठामा विश्लेषण गरेर मात्रै मुलुकले निकास पाउन सक्दैन । तसर्थ साना तिना आग्रह, पुर्बाग्रह छोडेर, निषेधको राजनीति भन्दा माथि उठी मुलुकलाई माया गर्ने, नागरिकतन्त्र प्रति बिश्वाश भएका र भ्रष्टचार एंब बेथितिलाई अन्त्य गर्न चाहने देश विदेशमा बस्ने सम्पूर्ण नेपाली नागरिकहरु र राजनैतिक दलहरु समेतलाई एक जुट हुन् आव्हान गर्दछौं । साथै देशब्यापी रुपमा संगठन विस्तारको कार्यलाई तिब्र बनाउन हामि प्रतिबद्ध भएको हुँदा हाम्रा कार्यक्रम एंब नितीलाई आत्मसात गर्ने र हामि संग संगठित रुपमा जोडिन चाहने सबैमा आफ्नो आफ्नो स्थानमा संगठन विस्तार गर्न हामि संग सम्पर्ग गर्न समेत हार्दिक रुपमा अनुरोध गर्दछौं ।

## ३. निर्बाचन र आन्दोलनको रणनीति

नेपालकालागि नेपालीले एक जिम्मेवार र मौलिक मूलधार राजनैतिक दलको रुपमा निर्बाचनमा भाग लिने छ । निर्बाचनको माध्यम बाट सरकारमा पुगी माथि उल्लेखित प्रतिबद्धताहरु पुरा गर्ने छ । तर निर्बाचन प्रणाली पैसा, गुण्डा, र छलकपटमा आधारित भएको हुँदा माथि उल्लेख गरिए

बमोजिम निर्बाचन प्रणालीमा सुधार गर्न र नागरिक आयोग मार्फत भ्रष्टचारको छानबिन गर्नका लागि शान्तिपूर्ण र अहिंसात्मक आन्दोलनमा समेत निरन्तर रुपमा लागि पर्ने छ ।

यदि नेपालकालागि नेपाली निर्बाचनमा नउठ्ने हो भने भ्रष्ट, बेथिति एंब लूटतन्त्रका नाइकेहरुले नै निर्बाचन र राजनीति कब्जा गर्ने भएको हुँदा भ्रष्ट, बेथिति एंब लूटतन्त्रका नाइकेहरुलाई हराई मुलुकलाई लुट्नबाट तिनीहरुलाई रोक्न नेपालकालागि नेपालीले निर्बाचनमा भाग लिनु पर्ने अनिबार्यता सिर्जना भएको हुँदा हामी सबै देशभक्त; लोकतान्त्रिक र प्रगतिशील शक्ति र व्यक्तिहरुलाई नेपालकालागि नेपालीमा आबद्ध भई निर्बाचनमा बिजयी भई मुलुकको बागडोर लिन र मुलुक र नागरिकलाई समृद्ध बनाउन एक्यबद्ध हुन्कालागि अनुरोध गर्दछौं ।

## ४. <u>सांगठनिक संरचना</u>

